**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**
- प्लास्टिक चार सय वर्षसम्म कुहिदैंन,
- यसले जमीन तथा जल प्रदूषण गर्छ,
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ,
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ, त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस ०३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 18 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११०

## रूखबाट पक्की भवनमा सराइ, तर भुइँमै बसाइ



प्रस, पोखरिया, २ पुस/

जीराभवानी गाउँपालिकास्थित नेरामावि पटकुइया, वसन्तपुरमा अध्ययनरत बालविकासदेखि कक्षा चारसम्मका विद्यार्थीहरू चीसोमा पनि भुइँमा बसेर अध्ययन गर्न बाध्य छन् ।

४९ वर्ष पुरानो यो विद्यालय आगामी वर्ष ५० वर्ष पूरा गरी स्वर्णजयन्ती मनाउने तयारीमा छ । शुरूका दिनमा बालविकासदेखि कक्षा चारसम्मका विद्यार्थीहरूका लागि भवन अभावले रूखमुनि बसेर अध्यापन गराइन्थ्यो ।

करीब दुई वर्ष अघि गाउँपालिकाले बालविकासदेखि कक्षा चारसम्मका विद्यार्थीका लागि चार कोठे भवन निर्माण गरेको छ । तर सो भवन अहिलेसम्म अधूरो नै छ । प्लास्टर भएको छैन । बिजुलीबत्ती जडान छैन र झ्यालढोका पनि जडान गरिएको छैन ।

विद्यार्थीहरू फर्निचर अभावमा भुइँमा बसेर चीसोमा अध्ययन गरिरहेका छन् । सो विद्यालयको तथ्याङ्क अनुसार बालविकासदेखि कक्षा चारसम्म १५६ जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीहरूले घरबाटै बोरा ल्याउँछन् र बिछ्याएर अध्ययन गर्छन् । गर्मीमा खासै समस्या नभए पनि जाडोको मौसममा भुइँमा बसेर अध्ययन गर्दा खुला झ्याल र ढोकाबाट चीसो हावाका कारण चीसोले विद्यार्थीहरू समस्यामा छन् ।



कक्षा पाँचदेखि १० सम्मका विद्यार्थीहरूलाई भने सुविधासम्पन्न डेस्क–बेन्चसहितको कक्षा कोठामा अध्ययन गराइन्छ ।

विद्यालयका प्रधानाध्यापक कृपासिन्धुप्रसाद पटवारीले पालिकालाई यसबारेमा अवगत गराएको बताए । उनले पालिकाले बजेट अभाव देखाएको र बजेट आउनासाथ निर्माण कार्य पूरा गर्ने प्रतिबद्धता जनाएको बताए ।

## उचित रकम पाए घर मूलधनीलाई दिन तयार –कानू

प्रस, वीरगंज, २ पुस/


रामराजाप्रसाद कानू

लुम्बिनी विकास बैंक पोखरिया शाखाले एकजना महिलाको घर लिलाम गरेपछि सो घर खरीद गर्ने जग्गाधनीले आफूले खर्च गरेबापतको रकम फिर्ता गरे घर छोड्न तयार रहेको बताएका छन् ।

वीरगंजमा पत्रकार सम्मेलन गरी लिलामीको घर किन्ने शोभा देवीका भाइ रामराजाप्रसाद कानूले कसैलाई बेघर गर्ने नियतले आफूले बबिता सर्राफको घर नकिनेको दाबी गरे ।

बैंकले लिलामीको सूचना प्रकाशन गरेपछि मेरी दिदीले सो घर किनेको रामराजाले बताए । आफूलाई घर खरीद गरेबापत ५२ लाख र अन्य खर्च पाएमा सो घर मूलधनीलाई नै फिर्ता गर्ने बताए ।

पत्रकार सम्मेलनमा उनले बैंकले घरजग्गा नामसारी गर्नेगरी दिन्छु भन्ने शर्तमा घर खरीद गरेको बताए । उनले अहिले बैंकका कर्मचारीहरू सम्पर्कमा नआएपछि आफू आरोपित भएको दाबी गरे । बैंकले बबिता सर्राफको घर लिलामीको सूचना निकाल्दा सो घर खरीद गर्न आफूले गाउँमा रहेको एक बिघा जग्गा बेचेको बताए ।

वीरगंज महानगरपालिका–११ निवासी राजु साह सोनारले काव्य ज्वेलर्स सञ्चालनको लागि लुम्बिनी विकास बैंक, पोखरियाबाट २०७४/७/२९ गते बैरियाबिर्तामा रहेको चार कठ्ठा जग्गा र रानीघाटमा रहेको १० धुर जग्गामा बनेको दुईतले भवन धितो राखेर ३७ लाख ऋण लिएका थिए । सो ऋण तिर्न नसक्दा राजु परिवारलाई छाडेर बेपत्ता भए भने बैंकले उनको घर लिलामी गरेपछि राजुकी पत्नी बबिता सर्राफले केही दिनअगाडि आत्मदाहको प्रयास गरेकी थिइन् ।

## औराहाको दलित परिवार न्यायको लागि भौंतारिंदै

प्रस, वीरगंज, २ पुस/

पर्साको सखुवाप्रसौनी गाउँपालिका–२ औराहाटोलेका एक तुराहा परिवारलाई पर्सा प्रहरीले झूटो मुद्दामा पक्राउ गरेपछि अहिले न्यायको लागि सपरिवार वीरगंजमा भौंतारिरहेको छ ।

औराहाका सुरज तुराहालाई पर्सा प्रहरीले बोक्सीको आरोपमा थुनेको छ । उनको रिहाइको माग गर्दै उनका परिवारजन भौंतारिरहेका हुन् ।



२०८० पुस २० गते बाटोसम्बन्धी विवादमा सुरज तुराहा र प्रमोद तुराहाबीच कुटाकुट भएको थियो । प्रमोदलगायत चारजनाले सुरजलाई कुटपिट गरेको बताइन्छ । त्यसपछि प्रहरीले प्रमोदलगायत चारजनामाथि ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरेको थियो ।

यो घटनाका आरोपीहरू अदालतबाट धरौटी बुझाएर साधारण तारेखमा छन् । त्यसपछि प्रमोदले राजनीतिक दबाबमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजबाट परमादेश गराइ सुरजलाई बोक्सीको आरोप लगाइ फसाएको बताइन्छ ।

प्रमोदलगायत अल्पु साह तुराहा, डिग्री साह तुराहा, मनोज तुराहा, गुड्डी देवीलगायतले सुरजलाई कुटपिट गरी बोक्सीको झूटो मुद्दामा फसाएर गत मङ्सिर २० गते कालोमोसो दली, कपाल काटेर गाउँ घुमाएको स्थानीयले बताएका छन् ।

## समिलमा छापामारी, चौकट र सालको गोलिया बरामद

बलिराम शुक्ला, बिरुवागुठी, २ पुस/

वीरगंज–२९ रतनपुरस्थित समिलबाट सशस्त्र प्रहरी र वनकर्मीको संयुक्त टोलीले सालको चिरान काठसहित गोलिया बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वार्टर पर्सा र डिभिजन वन कार्यालय, पर्साको टोलीले वीरगंज–२९ रतनपुर निवासी नुरहोदा मियाँको समिलमा छापा मारी विभिन्न आकारका ४४ थान चिरान चौकट र एक थान सालको गोलिया बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वार्टरका सशस्त्र प्रहरी निरीक्षक अनि गुरुङले बताए ।

डिभिजन वन कार्यालय, पर्साका प्रमुख मन्जुर अहमदले चिरान गरी राखेका ४४ थान विभिन्न आकारका चौकट र एक थान सालको गोलिया (३५.१२ क्युफिट) समिलबाट बरामद भएपनि समिल सञ्चालक मियाँ फरार रहेको र उनको खोजी भइरहेको बताए । काठ बरामद गर्ने क्रममा स्थानीय महिलाहरूले अवरोध पुऱ्याएका थिए ।


तस्वीरः प्रतीक

बरामद काठ डिभिजन वन कार्यालय, पर्सामा राखिएको छ ।

सबैया साझेदारी वन क्षेत्रबाट समिल धनी मियाँले काठ तस्कर र भरियामार्फत सालको गोलिया मगाइ समिलमा चिरान गरी फर्निचर तथा चौकट बनाउने गरेको स्थानीयले बताए । सो काठ र चौकट वनकर्मी र प्रहरीको मिलेमतोमा वीरगंजलगायत विभिन्न ठाउँ पुऱ्याउँदै आएको स्थानीयले बताएका छन् ।

## भ्रष्टाचारीलाई आजीवन कारावास हुनुपर्छ

प्रस, धनुषा, २ पुस/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले भ्रष्टाचारीलाई आजीवन कारावास हुनुपर्ने कुरामा जोड दिएका छन् ।

जनकपुरधाममा मङ्गलवार आयोजित 'भ्रष्टाचार नियन्त्रण र सुशासन' विषयक प्रदेशस्तरीय अन्तर्क्रियामा उनले भ्रष्टाचार गर्नेलाई आजीवन कारावास गर्दा भ्रष्टाचारमा कमी आउने बताएका थिए ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोजना गरेको सो कार्यक्रममा मुख्यमन्त्री सिंहले भ्रष्टाचार नियन्त्रणका लागि वर्तमान कानून अपर्याप्त रहेको भन्दै राजनीतिक नेता–कार्यकर्ता तथा कर्मचारीले विलासी जीवनशैली जिउने चाहना राख्दा भ्रष्टाचार बढिरहेको औंल्याएका थिए । कर्मचारीको तलब कम भएकाले पनि जीवनयापनका

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**यदि भगवान् छन् भने मेरो मूल्याङ्कन मेरा कर्महरूबाट गर्नेछन्, यस आधारमा होइन कि मैले कति घण्टा उनको भक्तिमा बिताएँ । –विकास दिव्यकीर्ति/तर्क साहित्य**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## अङ्गदान जीवनदान

**"अङ्गदान जीवनदान हो" यो नारामा मानवताको गहिरो भावना प्रतिविम्बित छ । मानिसको मृत्युपछि जलाउँदा वा गाड्दा खेर जाने अङ्गहरूले कसैको जीवन बचाउन सक्छ । अङ्गदान धार्मिक तथा मानवीय हिसाबले महान् कार्य हुनुका साथै यो आधुनिक चिकित्सा विज्ञानसँग जोडिएको एउटा अनमोल योगदान पनि हो । नेपालजस्तो स्वास्थ्य सेवामा चुनौती झेलिरहेको देशका लागि अङ्गदानलाई प्रभावकारीरूपमा अघि बढाउनु समयको माग हो । मानिसको मृत्युपश्चात् शरीरका प्रयोगयोग्य अङ्गहरू जस्तै मुटु, कलेजो, मिर्गौला, छाला, आँखाको नानी, फोक्सो, हड्डी आदि अर्का बिरामीको जीवन बचाउन महत्त्वपूर्ण हुन्छन् । अङ्गदानका कारण विश्वभर हजारौँले वार्षिक नयाँ जीवन पाएका उदाहरणहरू छन् । अङ्गदानका लागि कुनै जात, धर्म र सामाजिक प्रतिष्ठाको हिसाबले भेदभाव हुँदैन । यो विशुद्ध मानवसेवाको भावले प्रेरित हुने प्रक्रिया हो ।**

**नेपालमा अङ्ग प्रत्यारोपणको आवश्यकता व्यापक छ । विशेषगरी मिर्गौला प्रत्यारोपणका लागि धेरै बिरामी विदेश जान बाध्य छन् । यस्तो अवस्थामा अङ्गदानको प्रचलनलाई बढावा दिन सकियो भने ठूलो सङ्ख्यामा नेपालीको जीवन जोगाउन सकिन्छ । हाम्रो देशमा अङ्गदानसम्बन्धी चेतनाको स्तर अझै न्यून छ । आधुनिक चिकित्सा सेवा विस्तारसँगै अङ्ग प्रत्यारोपणको सम्भावना बढेको छ । तर यसका लागि आवश्यक अङ्गको भने अभाव छ । मिर्गौलाका बिरामी मात्र लिने हो भने पनि मुलुकमा वार्षिक तीन हजारजनाभन्दा बढी व्यक्तिलाई मिर्गौलाको आवश्यकता छ । त्यसैगरी, नेत्रहीन व्यक्तिहरूका लागि कोर्निया (नानी) प्रत्यारोपणको सङ्ख्या अत्यन्तै न्यून छ । मृत्युपछि कलेजो वा मुटु दान गर्ने संस्कार नेपालको सामाजिक संरचनामा अझै राम्रोसँग स्थापित भएको छैन । अङ्गदान तथा प्रत्यारोपणको लागि नेपाल सरकारले मानव अङ्ग प्रत्यारोपण नियमन तथा नियन्त्रण ऐन, २०५५ को व्यवस्था गरेको छ । ऐन अनुसार व्यक्तिले जीवित छँदै मृत्युपछि आफ्नो अङ्गदान गर्ने स्वीकृति दिनुपर्छ । नेपालका केही अस्पताल जस्तै त्रिवि शिक्षण अस्पताल र मानव अङ्ग प्रत्यारोपण केन्द्र अङ्ग प्रत्यारोपणका लागि सक्षम छन् । अङ्गदान गरेका जीवित दाताहरूको स्वास्थ्य सुरक्षाको प्रत्याभूति दिने प्रावधान छ । सरकारले अङ्गदानको महत्त्वबारे जनचेतना फैलाउन विभिन्न प्रयास पनि गरेको छ । तर यी प्रयासहरू पर्याप्त प्रभावकारी भएका देखिँदैनन् ।**

**नेपालमा अङ्गदानको अभ्यास विश्वव्यापीस्तरमा देखिएको प्रभावकारिताभन्दा निकै कम छ । धार्मिक र सांस्कृतिक मान्यताले अङ्गदानलाई पूर्णरूपमा स्वीकार नगर्दा यो प्रचलनले गति लिन नसकेको एउटा पक्ष छ भने जनचेतनाको अभावका कारण पनि अङ्गदान प्रभावकारी हुन सकेको छैन । धेरैजसो मानिसलाई अङ्गदानबारे जानकारी नै छैन । "मृत्युपछि अङ्ग दिने हो भने शरीर अधूरो हुन्छ" भन्ने गलत धारणा समाजमा व्यापक छ । यसलाई चिर्न सकिएको छैन । अङ्गदानसम्बन्धी ठोस र प्रभावकारी कार्यक्रमको कमीले गर्दा यो समस्या आएको हो । अङ्गदानलाई प्रभावकारी बनाउन विद्यालय र कलेजस्तरमैं यसबारे शिक्षा दिने व्यवस्था गर्नुपर्छ । त्यसैगरी, मीडिया, सामाजिक सञ्जाल र सामुदायिक कार्यक्रममार्फत अङ्गदानको महत्त्वबारे जनचेतना फैलाउन जरुरी छ । मृत्युपछि अङ्गदान गर्ने व्यक्तिका परिवारजनलाई सम्मान गर्ने कार्यक्रमहरू ल्याइनुपर्छ । यसले अरूलाई पनि प्रोत्साहित गर्न सक्छ ।**

# बिआरआई र नेपाल–२

बिआरआई हस्ताक्षर भयो तर यसले उत्पन्न गराएको तरङ्गले नेपालको विदेश नीतिका सम्बन्धमा समेत प्रश्न उठाएको चर्चा चलिरहेको छ । यस परिप्रेक्ष्यमा केही सत्यतथ्यमाथि विचार गर्नुपर्ने हुन्छ । पहिलो कुरा के भने नेपालका एमालेलगायत सबै दलहरूले समय–कुसमय भारतमैं बसेर नेपालमा राजनीति गर्ने अवसर भारतीय कम्युनिस्ट पार्टीको छत्रछायामा जुटाए पनि आफूलाई चीन समर्थक भनाउन–देखाउन बढी इच्छुक भएको पाइन्छ भने नेपाली काङ्ग्रेसले पनि २००७ को क्रान्तिलगायत राजनैतिक कार्यक्रमहरू भारतबाट गरेको हो तर यो दल भारत र अमेरिकाको बढी नजीक रहेको पाइन्छ ।

कम्युनिस्टहरू चिनियाँ विचारधारा नजीक हुनु र काङ्ग्रेस भारत र अमेरिका नजीक हुनु स्वभाविक पनि छ । तर देशका दुवै ठूला दलहरूमा एउटा गजबको समानता के छ भने काङ्ग्रेसमा कसैले जतिसुकै विरोध गरे पनि त्यही हुन्छ, जुन यस दलका सभापति चाहन्छन् भने एमाले त झन् वन–म्यान आर्मीजस्तै भइहाल्यो । पूर्वमा एमसिसी सम्झौता गर्न ओलीले गरेको सहयोगको गुन यसपालि बिआरआईमा सहमति दिएर देउवाजीले हिसाब बराबर गरेको भन्न थालिएको छ । यसमा एउटा सत्य के लुकेको छ भने नेपाल र नेपाली जनता, भारतले पटक–पटक गरेको पूर्ण र आंशिक, घोषित र अघोषित, नाकाबन्दीबाट हैरान भइसकेको पृष्ठभूमिमा यस्तो सम्झौताको खाँचो थियो भन्ने कुरालाई नकार्न सकिन्न ।

आन्तरिक बाध्यताले बन्न पुगेको काङ्ग्रेस–एमाले गठबन्धन सरकारको नेतृत्व केपी ओलीको हातमा परेबाट अप्रसन्न भारतले हाम्रो परराष्ट्रमन्त्रीका लागि रेड कार्पेट ओछ्यायो तर प्रमलाई निम्तोसमेत दिएन । यसले भारतले के अब छिमेकी पहिलोको नीति र परम्परा तोडेको हो भन्ने रणनीतिक अर्थ लाग्दछ र होइन भने यसले भारत कति हदसम्म ओलीसँग अप्रसन्न छ भन्ने कुराको भेउ दिन्छ । हुनत कूटनैतिक मर्यादा र शिष्टता अनुकूल यो व्यवहार उचित होइन, तर पृष्ठभूमिमा ओलीकै प्रधानमन्त्रित्वकालमा

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**अहिले पनि प्रम ओलीको चीन भ्रमणको दौरान नारायणकाजी श्रेष्ठ र झलनाथ खनालको चीन भ्रमणबाट चीनले नेपालमा यसपालि भने कार्यगत एकता वा मोर्चा नै बनाएर आगामी चुनावमा कम्युनिस्टकै हातमा सत्ता जाओस् भन्ने चाहना राखेको चर्चा चल्न थालेको छ ।**

चीनका राष्ट्रपतिले काठमाडौंबाट धूलोपीठो बनाइदिने घोषणा गर्नु र हालसालै पनि चिनियाँ विदेशमन्त्री र राजदूतको नेपालले उन्नति गर्न भारतको साथ छोड्नुपर्ने, एमसिसी खारेज गर्नुपर्ने, कूटनैतिक शिष्टताको विपरीतको जवाफ मान्न सकिन्छ । किनभने मोदी सरकारको नेतृत्वमा भारतको विदेश नीतिमा अब भारतले आफ्नो राष्ट्रहितमा काम गर्ने गरी सबैसँग सम्बन्ध राख्ने डक्ट्रिनका निर्माता विदेशमन्त्री एस जयशङ्करले पटक–पटक बताइसकेका छन् ।

हाम्रा प्रधानमन्त्रीसँग भारतको यस व्यवहारको जवाफ दिन उपलब्ध जुन बाटो थियो, उनले बाध्यतामा त्यही बाटो प्रयोग गरे र नेकाले यसको समर्थन गर्नुको कारण भोलि गठबन्धन सरकारको बाध्यता भन्न सकिने र वस्तुतः भारतको पटक–पटकको बिग–ब्रदर एटिट्युडको त्यही भाषामा जवाफ दिनु पनि हो जस्तो लाग्छ । यस प्रकारले काङ्ग्रेस वा भनौं देउवाले एउटै तिरबाट दुईवटा शिकार गरेका छन् ।

यस सम्झौताका सम्बन्धमा एक भारतीय कूटनीतिज्ञले जसरी नेपालमा एमसिसीको सम्बन्धमा खुला छलफल भयो त्यसैगरी बिआरआईबारे पनि हुनुपर्ने होइन भन्दै दक्षिणी छिमेकीले आफ्नो अप्रसन्नता शिष्टतापूर्वक व्यक्त गरे भने नेपाल भ्रमणमा रहेका अमेरिकी असिस्टेन्ट सेक्रेटरी अफ स्टेट डोनाल्ड लुले पनि बडो मर्यादित एवं शिष्ट भाषामा हामी कुनै टिप्पणी गर्नुभन्दा पहिले नेपाल र चीनबीच भएको सम्झौता सार्वजनिक हुन पर्खिने छौं भने । उनको यस भनाइको अन्तर्निहित अर्थ के हो भने नेपालले यस सम्झौताको प्रति सार्वजनिक गर्नुपर्दछ । यो कूटनैतिक भाषामा दिइएको दबाब नै हो ।

पत्रकारहरूले नेपालले पहिले चीन–ताइवान विवादमा अँगालेको एक चीन नीति, जसको अर्थ चीन नै वास्तविक चीन हो भन्ने थियो, बाट पुष्पकमल दाहालले प्रमको हैसियतमा गरेको चीन भ्रमणका दौरान ताइवानललाई चीनकै भाग भनेर मान्यता दिएको 'वन चाइना पोलिसी'बाट वन चाइना प्रिन्सिपलबारे वर्तमान प्रमको भ्रमणका दौरान प्रकाशित संयुक्त विज्ञप्तिमा nepal's firm support for the reunification of Taiwan and opposition to Taiwan independence बारे सोधिएको प्रश्नमा आफूलाई यसबारे जानकारी नभएको तर सबैले एक अर्काप्रति र स्वतन्त्रताप्रति सम्मान राख्नुपर्ने बताएका थिए ।

यस भ्रमणको क्रममा प्रम ओलीसँग डोनाल्ड लुको भेट हुन नपाएको कुरालाई नेपालको सञ्चारमाध्यम र कूटनैतिक वृत्तले अत्यन्त सामान्यरूपमा लिए पनि डोनाल्ड लुको पृष्ठभूमि विचार गर्दा, २०२१ मा नेपालको संसद्बाट एमसिसी पास गर्न भएको झमेलाको समयमा, एमसिसी पास नभए अमेरिका नेपालसँगको सम्बन्धमा पुनर्विचार गर्न बाध्य हुने चेतावनी दिएका थिए । बिआरआईको डकुमेन्ट सार्वजनिक नहुनु, प्रमसँग भेट मिलाउन नसक्नु र ताइवानबारे नेपालको नीति र खासगरी ताइवानसम्बन्धी नीतिले नेपाल–चीन सम्बन्धमा प्रभाव पार्न सक्छ । अमेरिका र चीनको लडाइँ प्रविधिको हो र ताइवानले एक्लै पूरा विश्वको ९० प्रतिशत माग धान्ने गरेको छ । त्यस अवस्थामा यस प्रकारको भनाइ सार्वजनिक हुनुले पक्कै केही असर त पर्न सक्छ नै ।

अब जहाँसम्म सम्बन्ध छ नेपालका कम्युनिस्ट दलहरूको, उनलाई विगतमा खासगरी माओवादी केन्द्र र एमालेको एकता नै गराएर नेपालमा कम्युनिस्ट शासन लाद्ने असफल प्रयास भएकै हो । अहिले पनि प्रम ओलीको चीन भ्रमणको दौरान नारायणकाजी श्रेष्ठ र झलनाथ खनालको चीन भ्रमणबाट नेपालमा चीन यसपालि भने कार्यगत एकता वा मोर्चा नै बनाएर आगामी चुनावमा कम्युनिस्टकै हातमा सत्ता जाओस् भन्ने चाहना राखेको चर्चा चल्न थालेको छ । यो चर्चाको मूल्याङ्कन गरी नेपाली काङ्ग्रसले सोही अनुकूल रणनीति बनाएन भने उसको मिशन २०८४ काम नलाग्न सक्छ । वर्तमान गठबन्धन सरकारमा अकर्मण्य र गन्हाएका मन्त्रीहरूलाई अहिले नै पदमुक्त गरी आफ्नो र पार्टीको छवि सुधार गर्न देउवाजी अग्रसर हुनुपर्‍यो, होइन भने... ।

# सान्जेन जलविद्युत् आयोजनाद्वारा व्यावसायिक उत्पादन शुरू

काठमाडौं, २ पुस/रासस

चिलिमेको सहायक कम्पनी सान्जेन जलविद्युत् कम्पनी लिमिटेडले निर्माण गरेको सान्जेन जलविद्युत् आयोजनाको बिजुली व्यावसायिकरूपमा राष्ट्रिय प्रणालीमा जोडिएको छ । सम्पूर्ण प्राविधिक परीक्षणलगायत काम सम्पन्न गरेर सोमवार साँझदेखि सान्जेन जलविद्युत् आयोजनाको बिजुली प्रणालीमा प्रवाह गरिएको हो ।

सान्जेन जलविद्युत् आयोजनाले गत मङ्सिर ८ गतेदेखि परीक्षण उत्पादन गर्दै आएको थियो । रसुवाको आमाछोदिङ्मो–५ मा निर्माण भएको सो आयोजनाको क्षमता ४२.५ मेगावाट रहेको छ । सबै प्राविधिक परीक्षण सम्पन्न गरी गत मङ्सिर ८ गते पहिलो युनिटबाट बिजुली उत्पादन गरिएको थियो । उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा सोमवारदेखि व्यावसायिकरूपमा उपलब्ध गराइएको आयोजनाका सबइन्जिनीयर रविन कोइरालाले जानकारी दिए ।

'क्यास्केड मोडल'मा निर्माण भएका अर्धजलाशय प्रकृतिको दुई आयोजनामध्ये सान्जेन (माथिल्लो) जलविद्युत् आयोजना विसं २०८० भदौ मसान्तमा सम्पन्न गरी विसं २०८० असोज २१ गतेदेखि राष्ट्रिय प्रणालीमा बिजुली उपलब्ध गराउँदै आएको थियो ।

कुल ११ केभी क्षमताको आपत्कालीन प्रसारण लाइनमार्फत व्यापारिकरूपमा बिजुली प्रवाह गरिरहेको थियो । सो आयोजनाको विद्युत् प्रवाहका लागि कम्पनी आफैंले आठ किलोमिटर ११ केभी डबल सर्किट प्रसारणलाइन तथा १३२/११ केभी सबस्टेशन निर्माण गरेको थियो ।

चिलिमे त्रिशूली ६६ केभी प्रसारण लाइनमार्फत क्षमताको सीमितताका कारण करीब ८.५ मेगावाट विद्युत् वैकल्पिकरूपमा बिक्री गर्दै आएको थियो ।



साञ्जेन तथा सान्जेन (माथिल्लो) दुवै आयोजना २०७२ सालको भूकम्प, कोभिड–१९, नाकाबन्दी, राष्ट्रिय प्रसारण लाइन उपलब्ध नहुनुलगायत कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेको आयोजना कार्यालयले जनाएको छ ।

हालै चिलिमे–त्रिशूली २२० केभी प्रसारण लाइन सम्पन्न हुनेबित्तिकै ती आयोजनाबाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएको कम्पनीले जनाएको छ ।

नेपालमा निर्माणाधीन अर्धजलाशययुक्त आयोजनामध्ये नमूना आयोजनाका रूपमा सान्जेन रहेको कम्पनीले जनाएको छ । सान्जेन माथिल्लो जलविद्युत् आयोजनाको बाँधस्थलमा करीब ४४ हजार घनमिटर पानी जम्मा गरी राष्ट्रिय विद्युत् प्रणालीलाई ७० मिनेट सहज गर्न सकिने 'पिकिङ पोखरी' निर्माण गरिएको छ ।

उक्त पोखरीको पानी सञ्चय गरी साँझको समयमा थप बिजुली उत्पादन गरी राष्ट्रिय विद्युत् प्रणालीमा उल्लेखनीय योगदान गर्न सकिने आयोजनाका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले बताएका छन् । उक्त पिकिङ पोखरीका कारण आयोजना मरम्मतसम्भार गर्न र 'इमर्जेन्सी ब्रेकडाउन'मा समेत पावरहाउस सञ्चालन गर्न सकिन्छ ।

नेपालमा भएका क्यास्केड आयोजनामध्ये विशेष प्रविधि जडान गरी सान्जेन माथिल्लो आयोजना मरम्मत सम्भार गर्दा पनि तल्लो आयोजना निरन्तर विद्युत् उत्पादन गर्न सकिने नेपालकै पहिलो आयोजना हो । नेपालमा नमूना प्रविधिका रूपमा पहिलोपटक जडान गरिएको उक्त प्रविधि आगामी दिनमा अन्य क्यास्केड आयोजनाले जडान गरी क्यासकेडको तल्लो आयोजना माथिल्लो आयोजनामा रहने निर्भरता कम गर्न सकिन्छ ।

जर्मनीमा निर्माण भएको एक प्रकारको अत्याधुनिक प्रविधिको उपकरण जडान गर्दा कम्पनीलाई आयोजना मरम्मत सम्भार समयका कारण हुने क्षति रोकी आर्थिकरूपमा ठूलो राहत मिल्नेछ । सोही विशेषताका कारण काठमाडौं विश्वविद्यालयले उक्त आयोजनाको नमूना आफ्नो प्रयोगशालामा समेत सञ्चालन गरेको छ ।

हाल नेपालमा विकसित क्यास्केड आयोजनामध्ये यो नमूना आयोजना रहेकोले जलविद्युत् विकास, नवीकरणीय ऊर्जा, हाइड्रोलोजी, दिगो विकासलगायत विषयमा अध्ययनरत विद्यार्थीको प्रयोगात्मक अध्ययन अनुसन्धानका लागिसमेत उपयोग गर्न सकिने आयोजनाले जनाएको छ ।

कम्पनीले निर्माणाधीन ४२.५ मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको व्यावसायिक उत्पादनसँगै बिजुली बढी माग हुने हिउँदमा हुने प्रणालीको असन्तुलन केही हदसम्म समाधान हुने विश्वास लिइएको छ ।

## प्लास्टिकजन्य फोहोर नजलाउन आग्रह

काठमाडौं, २ पुस/रासस

वन तथा वातावरण मन्त्रालयले प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन आग्रह गरेको छ ।

विभागले मङ्गलवार एक सूचना निकालेर सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न र सडक तथा निर्माण कार्यबाट उड्ने धूवाँ धूलोको यथोचित नियन्त्रण गर्न आग्रह गरेको हो । विगत केही सातादेखि मुलुकको तराई क्षेत्रलगायत काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेको सन्दर्भमा विभागले उक्त सूचना जारी गरेको हो ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सुरक्षित कारोबार विधेयकमा परेका संशोधनमाथि छलफल

काठमाडौं, २ पुस/रासस

सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको मङ्गलवारको बैठकमा 'सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०' माथि परेका संशोधनमाथि छलफल भएको छ।


तस्वीरः रासस

राष्ट्रियसभाबाट पारित भएर आएको यो विधेयकमा छजना सांसदको संशोधन प्रस्ताव परेको छ। सांसदहरू रणेन्द्र बराली, निशा डाँगी, दामोदर पौडेल वैरागी, माधव सापकोटा, सोविता गौतम र प्रेम सुवालले संशोधन प्रस्ताव हालेका छन्।

अर्थ समितिको आजको बैठकमा सांसद माधव सापकोटा, दामोदर पौडेल वैरागी र सोविता गौतमले दर्ता गरेको प्रस्तावमाथि छलफल भएको हो। सांसद सापकोटाले विधेयकमा राखिएको सुरक्षित भन्ने शब्दले सैद्धान्तिक अवधारणामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कुनै व्यक्ति तथा निकायबाट गरिने सबै किसिमका कारोबार समेटिएका छ वा छैनन् भनेर यकीन गर्नेगरी विधेयक संशोधन गरिनुपर्ने बताए।

त्यसैगरी, मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्राप्त योग्यताको प्रमाणपत्र एवं सीपको प्रमाणपत्रलाई पनि धितोका रूपमा ऐनले परिभाषित गर्नुपर्ने उनको भनाइ छ। अर्का सांसद सोविता गौतमले धितो सम्पत्ति भन्नाले 'चल, अचल र अमूर्त सम्पत्तिलाई जनाउने' भन्ने व्यवस्था विधेयकमा राख्नुपर्ने बताइन्। अमूर्त सम्पत्ति पनि धितोका रूपमा राख्न पाउनुपर्ने गरी कानून आवश्यक रहेको उनको भनाइ छ।

कुनै व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाइ सुरक्षित कारोबारसम्बन्धी कानूनी व्यवस्था समयानुकूल बनाउन आवश्यक रहेको भन्दै अर्थ मन्त्रालयले २०८० फागुन ४ गते यो विधेयक राष्ट्रियसभामा दर्ता गरेको थियो। सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्तिउपरको दायित्व परिपालना गर्ने गराउने व्यवस्था गर्न हाल सुरक्षित कारोबार ऐन, २०६३ कार्यान्वयनमा छ।

राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा विचाराधीन यस विधेयकले चल, अचल तथा मूर्त र अमूर्त सम्पत्तिउपरको दायित्वको पनि व्यवस्था गर्न लागेको छ। यो विधेयकले घर, जगगाबाहेक चल सम्पत्ति पनि धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सकिनेगरी व्यवस्था गर्न लागेको छ। अचल सम्पत्तिबाहेकको जडित सम्पत्ति, उत्खननका लागि अनुमतिप्राप्त खनिज पदार्थ, व्यक्तिको कुनै पनि प्रकारको मूर्त वा अमूर्त सम्पत्तिलाई विधेयकमा चल सम्पत्तिको परिभाषाभित्र राखिएको छ।

यस अघि बैंक तथा वित्तीय संस्थाले अचल सम्पत्ति मात्र धितो राखेर ऋण दिने गरेकामा यो ऐन लागू भएपछि चल सम्पत्ति पनि धितो राख्न सकिने व्यवस्था विधेयकमार्फत ल्याउन लागिएको हो। यदि यो विधेयक पारित भएमा पशु, कृषि बाली तथा कृषिजन्य उत्पादन, उक्त उत्पादनबाट तयार पारिएका खाद्यवस्तु र उत्खननका लागि अनुमति लिइएको खनिज पदार्थसमेत धितो राखेर ऋण लिन सकिनेछ।

उपभोग्य वस्तुबाहेक अन्य कुनै धितो सम्पत्तिको विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिने विधेयकमा उल्लेख छ। "जमानत भन्नाले भुक्तानीको दायित्व वा प्रतीतपत्र अन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनुपर्छ र सो शब्दले बही खाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र वा अन्य चल सम्पत्तिका सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्वसमेतलाई जनाउँछ," विधेयकमा भनिएको छ।

# विवाहोत्सवमा खर्च हुने रकम विद्यालय विकास कोषमा

बरहथवा (सर्लाही), २ पुस/रासस

बागमती नगरपालिकामा जन्मोत्सव र विवाहोत्सवमा खर्च हुने रकम विद्यालय विकास कोषमा जम्मा हुन थालेको छ।

बागमती नगरपालिका–२ धरहरास्थित जनबाल कल्याण माध्यमिक विद्यालयको विकासका लागि स्थानीय, सामाजिक व्यक्ति, पूर्वविद्यार्थीलगायतले विभिन्न अवसरमा हुने खर्च कटाएर विद्यालय विकास कोषमा जम्मा गर्न शुरू गरेका हुन्। विद्यालयले गत मङ्सिर १ गतेदेखि 'बृहत् श्री जनबाल कल्याण माध्यमिक विद्यालय विकास अक्षयकोष' स्थापना गरेको हो।

एक महीनामा अक्षयकोषमा रु एक लाख ३० हजार ५०७ सङ्कलन भएको प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाले जानकारी दिए। आन्तरिक आयस्रोतको राम्रो व्यवस्था नभएकोले सामाजिक सहकार्यमा विद्यालयको शैक्षिक सुधार प्रयास गरिएको उनको भनाइ छ। यसरी सङ्कलित रकमबाट निर्माण हुने बृहत् कोषले विद्यालयको विकासमा टेवा पुग्ने उनले बताए। "बृहत् राशिको कोष बनाउने लक्ष्य छ, कोषको मूल रकम यथावत् रहनेगरी ब्याजबाट विद्यालयले बर्सेनि विभिन्न विकास तथा शैक्षिक गुणस्तर सुधारका काम गर्नेछ"–प्रधानाध्यापक जिम्बाले भने। यसले एकातर्फ विद्यालयको आर्थिक सहयोग बढ्ने र अर्कातर्फ अभिभावक तथा समाजको प्रत्यक्ष लगानीसँगै चासो बढ्ने विद्यालय व्यवस्थापन समिति अध्यक्ष टङ्कबहादुर बोहराले बताए। विद्यालयको सिकाइ सुधारमा पनि क्रमिक सुधार हुँदै आएको उनले दाबी गरे। "हामीले नगरको प्रत्यक्ष लगानी र जनप्रतिनिधिको उपस्थितिमा विद्यालयको भौतिक र शैक्षिक सुधारमा विशेष ध्यान दिएका छौं, यसले बिस्तारै परिणाम दिन थालेको छ। यसको पूरा परिणाम आउन कम्तीमा १० वर्ष लाग्छ। तर सुधारको छनक तपाईं अहिले पनि देख्न सक्नुहुन्छ"–अध्यक्ष बोहराले भने।

कक्षा १० सम्म अध्ययन अध्यापन हुँदै आएको विद्यालयमा बालबालिकाको सङ्ख्या दुई गुणा बढेको छ। मुश्किलले तीन सय छात्रछात्रा भर्ना हुनेमा अहिले ६१० विद्यार्थी भर्ना छन्। अभिभावकको माग तथा बालबालिकाको चाहना अनुसार विद्यालयले अङ्ग्रेजी र नेपाली दुवै माध्यमबाट पठनपाठन गराउने गरेको छ।

अङ्ग्रेजी माध्यमका कारण अभिभावक आकर्षित भएका विद्यालयका शिक्षक निर्मल तिमल्सेनाले बताए। विद्यालयले बालबालिकालाई नैतिक आचरणसहितको व्यावहारिक शिक्षामा जोड्न विभिन्न सीपमूलक तालीम पनि सञ्चालन गर्ने गरेको छ। सिमेन्टको गमला उत्पादनलगायत सीपमा बालबालिका निपुण रहेका बागमती –३ का अभिभावक चतुरमान वाइबाले बताए।

सामुदायिक भनेर हेपिएको गाउँको विद्यालयले समय अनुकूल पठनपाठन गराउन थालेपछि आफूहरू उत्साहित भएको उनी बताउँछन्। यस विद्यालयले केही समय पहिलेमात्र स्थानीय अभिभावक, समाजसेवीको रु चार लाख ४० हजारको सहयोगमा विद्यालयमा चार थान डिजिटल बोर्डको प्रयोग शुरु गरिसकेको छ।

यसले समेत बालबालिकामा पठनपाठनप्रति उत्साह देखिएको प्रधानाध्यापक जिम्बाको अनुभव छ। शून्य आन्तरिक आम्दानी रहेको कारण विद्यालयले सामान्य योजनासमेत सञ्चालन गर्न नसकेको अवस्थामा यो बृहत् अक्षयकोष कार्यक्रम ठूलो भरोसा बन्ने अपेक्षा विद्यालयको छ।


**सुन्तला बजारमा पठाउने तयारीः** म्याग्दीको मालिका गाउँपालिका–७ बिमको दुलेमा सुन्तला बिक्रीका लागि प्याकिङ गरेर बजार पठाउने तयारी गर्दै स्थानीय कृषक। तस्बिरः कमल खत्री/रासस


**मिनी ग्रेटवालः** तनहुँको बन्दीपुर गाउँपालिका–२ मुकुन्देश्वरी डाँडामा निर्माण भइरहेको पदमार्ग पर्खाल (मिनी ग्रेटवाल)। बन्दीपुर आउने पर्यटकको बसाइ लम्ब्याउन गाउँपालिकाले पूर्वाधार निर्माणमा जोड दिएको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# गाँजासहित दुईजना भारतीय पक्राउ



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले १५ किलो गाँजासहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, अमलेखगंजका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्की नेतृत्वको टोलीले जीतपुरसिमरा उपमहानगर–२१ अमलेखगंजमा हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको भारतीय नम्बरको कार चेकजाँच गर्दा १५ किलो गाँजा बरामद भएको जिप्रका, बाराले जनाएको छ।

हिजो बिहान ५ बजे भारतीय नम्बरको कार चेकजाँच गर्दा सीटमुनि फल्स बटम बनाएर गाँजा राखिएको बारा प्रहरीले जनाएको छ। बारा प्रहरीका प्रवक्ता प्रकाश सापकोटाले गाँजा बरामद भएपछि भारत, मोतिहारीका अखिलेशकुमार साह र राजकुमार पासवानलाई पक्राउ गरिएको जानकारी गराएका छन्।

# हत्यामा संलग्न एकजना पक्राउ

प्रस, जनकपुर, २ पुस/

धनुषा जिल्ला विदेह नगरपालिका–५ निवासी ४० वर्षीया रामपरिदेवी ठाकुरको हत्यामा संलग्न एकजनालाई पक्राउ गरी मङ्गलवार जिल्ला प्रहरी कार्यालय, धनुषाले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

गत मङ्सिर १८ गते रामपरिदेवी घाँस काट्न गएकी थिइन्। त्यसको भोलिपल्ट शहीद नगरपालिका–७ स्थित शिवनारायण मण्डलको धान खेतमा उनको टाउको र शरीर अलग भएको अवस्थामा शव बरामद भएको थियो।

रामपरिदेवीको हत्यामा संलग्न रहेको आरोपमा विदेह नगरपालिका–५ मुरिबाकी निवासी ५० वर्षीय सगमलाल पासवानलाई पक्राउ गरिएको जिप्रका, धनुषाले जनाएको छ।

पक्राउ परेका सगमलालको घर खानतलाशी गर्दा सुटकेशमा लुकाइएको नीलो पाइन्ट, हरियो भेस्ट, पहेंलो ज्याकेटलगायत सामग्री बरामद भएको प्रहरी उपरीक भुवनेश्वर तिवारीले बताए। उनले मृतक रामपरिदेवीसँग हत्या अघि सगमलालको फोन सम्पर्क हुने गरेको पाइएपछि यसबारेमा अनुसन्धान अगाडि बढाइएको र घर खानतलाशी गर्दा प्रमाण फेला परेपछि पक्राउ गरिएको बताए। घटनाबारे अनुसन्धान जारी रहेको प्रउ तिवारीले जानकारी गराएका छन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**नेपाल इन्टरमोडल यातायात विकास समिति**
चोभार, कीर्तिपुर

**वीरगंज महानगरपालिकामा अवस्थित वीरगंज एकीकृत जाँच चौकी (Integrated Check Post–ICP) र सुक्खा बन्दरगाह (Inland Container Depot–ICD) मा आवश्यक पूर्वाधारहरू निर्माणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी सार्वजनिक सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८१/०९/०३**

मधेस प्रदेश, पर्सा जिल्लाको वीरगंज महानगरपालिकामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत नेपाल इन्टरमोडल यातायात विकास समितिद्वारा निम्न बमोजिमका प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल इन्टरमोडल यातायात विकास समिति, चोभार, कीर्तिपुर |
| प्रस्तावकको बेहोरा | प्रस्तावकले विश्व बैंकको ऋण सहयोगमा रणनीतिक सडक जडान र व्यापार सुधार परियोजना (SRCTIP) अन्तर्गत वीरगंज एकीकृत जाँच चौकी (Integrated Check Post–ICP) र सुक्खा बन्दरगाह (Inland Container Depot–ICD)मा आवश्यक पूर्वाधारहरू निर्माणको प्रस्ताव गरेको छ। प्रस्तावमा वीरगंज महानगरपालिका वडा नं १७ र २५ मा अवस्थित हाल सञ्चालनमा रहेको वीरगंज एकीकृत जाँच चौकी परिसरमा उपलब्ध जग्गामा पार्किङ यार्ड (३६८२५ वर्गमिटर), निरीक्षण शेड (२४४ वर्गमिटर) र गोदाम (२८२० वर्गमिटर) निर्माण गरिनेछ। यसैगरी, वीरगंज महानगरपालिका वडा नं २५ मा अवस्थित हाल सञ्चालनमा रहेको वीरगंज सुक्खा बन्दरगाह परिसरमा उपलब्ध जग्गामा करीब ९८७६ वर्गमिटर क्षेत्रफलमा कन्टेनर यार्डको निर्माण गरिनेछ। निर्माण कार्य करीब १८ महीना अवधिको रहेको छ। |
| प्रभाव पर्ने जिल्ला/पालिका | पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं १७ र २५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानका महानगरपालिका, वडाहरू तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम ठेगाना | परामर्शदाताको नाम ठेगाना |
|---|---|
| नेपाल सरकार<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल इन्टरमोडल यातायात विकास समिति, चोभार, कीर्तिपुर<br>फोनः ०१–४३३२८९६, ०१–४३३६१७८<br>इमेल : nitbktm@nitdb.gov.np | इआरएमसी– क्रियटिभ डिजाइन आर्किटेक्ट जेभी<br>नयाँ बानेश्वर, काठमाडौं<br>फोन : ०१–४५७१८८४<br>इमेलः srctip.ermc@gmail.com |

# एनपिएल क्रिकेट : अझ रोमाञ्चक बन्दै

विचार



राजु सिलवाल

**एनपिएल क्रिकेट प्रतियोगिताको प्रत्यक्ष प्रसारणको माध्यमबाट विश्वमा नेपालको व्यापकरूपमा प्रचार भइरहेको छ। एक्सन स्पोर्ट्स अन्तर्राष्ट्रिय टेलिभिजनले क्रिकेट प्रतियोगिताका साथै नेपालको पर्यटन प्रवर्द्धन पनि गरिरहेको छ।**

काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट अत्यन्त प्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलहरूका साथ प्लेअफ चरणमा पुगेपछि अझ रोचक बन्ने देखिएको छ। हालसम्म सम्पन्न २८ वटा खेलका नतीजाले आगामी खेलहरूले नेपालमा क्रिकेटको लोकप्रियतालाई झन् उचाइमा लैजाने स्पष्ट छ।

नेपालका सबै प्रदेशको प्रतिनिधित्व गरेका आठ टोलीमध्ये चार टोली शीर्ष स्थानमा पुगेका छन्। यसमध्ये सर्वाधिक १२ अङ्क हासिल गर्न सफल सुदूरपश्चिम रोयल्स तथा अङ्कतालिकामा १० अङ्क प्राप्त गरेर दोस्रो स्थानमा पुगेको जनकपुर बोल्ट्सबीच पुस ३ गते बुधवार दिउँसो प्रतिस्पर्धा हुँदैछ। शीर्ष दुई स्थानमा पुगेका यी दुई टोलीबीच क्वालिफायरमा भिडन्त हुन लागेको हो। यसमा जित्ने टोली फाइनलमा पुग्नेछ। सुदूरपश्चिम र जनकपुर दुवै टोलीले अत्यधिक म्याच जितेकाले दुवै टोलीका खेलाडीहरूमा उच्च मनोबल रहेको पाइएको छ। दुवै टोलीले प्रतियोगिता जित्ने दाबी गर्दै आएका छन्।

सुदूरपश्चिम टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले शुरूदेखि नै उपाधि जित्ने बताउँदै आएका थिए। विश्वको सर्वोच्च शिखर सगरमाथाको कालापत्थरको ढुङ्गा अङ्कित ट्रफी आफ्नो प्रदेशमा लैजान सफल हुने कप्तान ऐरीको आत्मविश्वास रहेको छ। एनपिएलको पहिलो म्याचमा विराटनगर किङ्ग्सलाई सहजरूपमा पराजित गरेर आफ्नो बलियो उपस्थिति देखाएको जनकपुर टोलीका कप्तान अनिलकुमार साह पनि मधेस प्रदेशमा ट्रफी भित्र्याउन दृढ रहेका छन्। यी दुवै टोलीले विगतका खेलहरूमा ब्याटिङ, बलिङमा राम्रो प्रदर्शन गर्दै दर्शकहरूको मन जितेका छन्। एनपिएल अन्तर्गतका सबै खेलमा कीर्तिपुर रङ्गशालामा दर्शकहरूको अत्यधिक भीडले अझ रोमाञ्चकता थपेको छ। सुदूरपश्चिम तथा जनकपुरले खेलेका बखत कीर्तिपुर रङ्गशालामा दर्शकको सङ्ख्या अत्यधिक हुने गरेकाले बुधवारको खेलमा पनि दर्शक व्यवस्थापनमा चुनौती बढ्न सक्ने आकलन गरिएको छ। सुदूरपश्चिम टोलीका समर्थकहरूले देउडा तथा जनकपुरका समर्थकहरूले स्थानीय भाखामा नाचगान गरेर माहोल रमणीय बनाउँदै आएका छन्।

खेलमा पूर्वानुमान गर्न कठिन हुन्छ। एनपिएलमा सशक्त उपस्थिति देखाएको सुदूरपश्चिम तथा जनकपुर जस्तो टोलीलाई पराजित गर्न सफल चितवन राइनोज टोली अहिले अङ्कको आधारमा तेस्रो स्थानमा रहेको छ। बुधवार बिहान समान आठ अङ्क प्राप्त गरेको चितवन राइनो तथा कर्णाली याक्सबीच खेल हुँदैछ। तर काठमाडौं गुर्खाजले पनि समान आठ अङ्क हासिल गरे तापनि रनरेटका आधारमा प्लेअफबाट बाहिरिनुपर्‍यो। लिग चरणमा चितवन टोली कर्णालीसँग सात रनले पराजित भइसकेको भए तापनि अब हुने 'इलिमिनेटर' प्रतिस्पर्धा चितवन र कर्णाली टोलीका लागि महत्त्वपूर्ण मानिएको छ। क्वालिफायरमा पराजित हुने टोलीसँग इलिमिनेटरमा जित्ने टोलीले खेल्नेछ। विजयी हुने टोलीका लागि फाइनलको ढोका खुल्ला हुनेछ।

**नेपालीलाई सफलता**

एनपिएलमा हालसम्म सबैभन्दा बढी विकेट अतिथि खेलाडी स्कट कुगेलेइनले १३ वटा विकेट लिन सफल भएका छन्। त्यसपछि नेपालका ललित राजवंशी र रिजन ढकालले समान १३ विकेट लिएर आआफ्नो क्षमतालाई प्रदर्शन गरेका छन्। करण केसीले भने १२ विकेट लिएका थिए। यसैगरी, सर्वाधिक २७९ रन रोहित पौडेलले लिन सफल भएका छन्। उनी पछि सर्वाधिक रन लिनेमा अतिथि खेलाडीहरू छन्। तर नेपाली खेलाडीहरूले पनि सयौं रन लिन सफल भएका छन्। सर्वाधिक रन लिनेको सूचीमा चौथो स्थानमा रहेका नेपाली कुशल मल्लले २०२ रन तथा दीपेन्द्रसिंह ऐरीले १९८ रन लिन सफल भएका छन्। न्युजिल्यान्डबाट एनपिएल खेल्न आएका दिनेश खरेलले १६२ रन तथा अस्ट्रेलियाबाट आएका किशोर महतोले १० विकेट लिएर विदेशबाट खेल्न बोलाइएका नेपालीहरूको सशक्त उपस्थिति देखाएका छन्। अवसरको खोजीमा विभिन्न मुलुकमा रहेका नेपाली क्रिकेटरहरूलाई नेपाल क्रिकेट सङ्घ (क्यान)ले स्वदेशमा पहिलोपटक आयोजित एनपिएल खेल्न बोलाएर उनीहरूको प्रतिभाको कदर गरेको छ।

यसरी नेपाली तथा विभिन्न मुलुकका चर्चित क्रिकेट खेलाडीहरूले एकै टोलीमा रहेर खेलिरहेको यो प्रतियोगिता उपलब्धिमूलक बनिरहेको छ। प्रतियोगितामा नेपाली युवा खेलाडीहरूलाई पनि खेल्ने अवसर दिइएबाट उनीहरू प्रोत्साहित हुन पुगेका छन्। खुल्ला प्रतिस्पर्धाबाट छनोट भएका युवा प्रतिभाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्न पाउनु सानो अवसर होइन। एनपिएल क्रिकेटमा खेल्न विभिन्न मुलुकबाट आएका क्रिकेट स्टारहरू कीर्तिपुर रङ्गशालामा दिनहुँ भइरहेको दर्शकहरूको भीडले गर्दा लोभिएका छन्।

**कीर्तिपुरमैं बास**

कीर्तिपुर रङ्गशालाको वरिपरि ओछ्यान ओछ्याएका पनि देखिन्छन्। रङ्गशाला प्रवेशद्वारनजीक खानेकुराका साथै अन्य सामग्री बेच्नका लागि ठाउँ ओगट्न व्यापारीहरू खुल्ला आकाशमैं सुत्ने गरेका छन्। तापक्रम घटेर जाडो बढिरहेको समयमा पनि कीर्तिपुरमा भने क्रिकेटप्रेमीहरूको बिहान सबेरैदेखि घुइँचो लाग्ने गरेको छ। टिकट किनेर चीसो चौरमा बस्दै क्रिकेट हेर्दा पनि दर्शकहरूको उत्साहमा भने कमी देखिएको छैन। काठमाडौंबाहिरका केही टोलीले म्याच हेर्न काठमाडौं आउनका लागि निश्शुल्क बसको व्यवस्था गरेर खेलप्रेमीहरूलाई हौसला दिएका छन्। कीर्तिपुर रङ्गशालामा दर्शकहरूले गरेका फोहर सफा गर्ने काममा पनि क्रिकेटप्रेमी युवाहरूले सक्रियता देखाएका छन्।

**खेलाडी पर्यटक बन्दै**

नेपालमा एनपिएलका लागि अनुबन्ध भई आएका विश्वप्रसिद्ध क्रिकेट खेलाडीहरूको नेपालको गतिविधिले विदेशमा नेपालको प्रचार भइरहेको छ। उनीहरूले विभिन्न भागको भ्रमण गरेर नेपालको पर्यटन प्रवर्द्धन गरेका छन्। भारतका चर्चित क्रिकेट खेलाडी शिखर धवनले पहिलोपटक एनपिएलमा खेल्न नेपाल आएर सगरमाथा आधार शिविरको भ्रमण गर्नसमेत भ्याएका थिए। कर्णाली याक्सको तर्फबाट चारवटा खेल खेलेपछि स्वदेश फर्किएका धवनले सगरमाथा क्षेत्रमा बिताएको क्षणका तस्बिर तथा समाचार विभिन्न अन्तर्राष्ट्रिय माध्यमले समेत महत्त्व दिएर प्रकाशित गरेका थिए। एनपिएल क्रिकेट हेर्न नेपाल आएका विश्वविख्यात क्रिकेटर ब्रायन लाराको नेपाल भ्रमणले पनि विश्वमा नेपाललाई चिनाउन मदत गरेको छ। उनले पनि सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए।

**कमेन्टेटरको कमाल**

एनपिएल क्रिकेट प्रतियोगिताको प्रत्यक्ष प्रसारणको माध्यमबाट विश्वमा नेपालको व्यापकरूपमा प्रचार भइरहेको छ। एक्सन स्पोर्ट्स अन्तर्राष्ट्रिय टेलिभिजनले क्रिकेट प्रतियोगिताका साथै नेपालको पर्यटन प्रवर्द्धन पनि गरिरहेको छ। क्रिकेटको प्रत्यक्ष प्रसारणमा विश्वमैं ख्याति कमाएका कमेन्टेटरहरूले दिनहुँजसो नेपालको हिमाल, कला–संस्कृति तथा जनजीवनका बारेमा मुक्तकण्ठले प्रशंसा गरिरहेका छन्। उनीहरूले अङ्ग्रेजी भाषामा नेपाली खाजा मःमःदेखि भक्तपुरको जुजु धौसमेतको बारेमा विश्वका विभिन्न देशमा प्रचार गरिरहेका छन्। बेलाबेलामा ड्रोनको माध्यमबाट देखाइने गरिएको काठमाडौं उपत्यकाको रमणीय दृश्यले भविष्यमा पर्यटक बढाउन महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ।

आगामी दिनको सम्भावनाको ढोका खोल्न पनि योगदान गरिरहेका छन्। तर नेपालमा सयौं टेलिभिजन भए तापनि एनपिएल हेर्न विदेशी च्यानलको भर पर्नुपर्ने तथा अङ्ग्रेजी नबुझ्नेहरूका लागि खेलका गतिविधि बुझ्न कठिनाइ भइरहेको छ। (लेखक खेल पत्रकार हुन्। रासस)

## नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौं, २ पुस/रासस


सोमवार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मङ्गलवार भने सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक दुई दशमलव ९५ अङ्कले बढेर दुई हजार ६३३ दशमलव ८७ बिन्दुमा कायम भएको छ।

आज ३१८ कम्पनीका ८९ लाख ३९ हजार ३४८ कित्ता शेयर ५३ हजार ९५७ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ३४ करोड ३२ लाख ३४ हजार ७४० बराबरको कारोबार भएको छ।

आजको कारोबारमा बैंकिङ शून्य दशमलव १७, वित्त शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव १४, लघुवित्त शून्य दशमलव ५६, निर्जीवन बीमा शून्य दशमलव १९, व्यापार शून्य दशमलव ५९ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ।

अरू सबै समूहका उपसूचक घटेका छन्। विकास बैंक शून्य दशमलव ६५, लगानी शून्य दशमलव २१, जीवन बीमा शून्य दशमलव १५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४४ र म्युचुअल फन्ड शून्य दशमलव ४८ प्रतिशतले घटेका छन्।

सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै जानकी फाइनान्स कम्पनी लिमिटेडको रु २२ करोड २४ लाख तीन हजार ९६४ बराबरको दुई लाख ६३ हजार कित्ता शेयर किनबेच भएको छ।



**बझाङको धलौनगाउँः** बझाङको साइपाल गाउँपालिका वडा नं १ र २ मा रहेको धलौनगाउँ। यहाँ पुग्न सवारीसाधन पुगेको तलकोटबाट दुई दिन पैदल हिंड्नुपर्छ। यहाँबाट जिल्ला सदरमुकाम चैनपुर पुग्न तीन दिन समय लाग्छ। तस्बिरः भूमिराज पिठातोली/रासस

## फरक समाचार

### बुहारीप्रति सासूको दृष्टिकोण

पति–पत्नीबीच झगडाबाहेक सबैभन्दा प्रचलित सम्बन्ध भनेको सासू–ससुरा र बुहारीबीचको सम्बन्ध हो, जुन निकै नाजुक र विशेष पनि हुन्छ। सासूले छोरासँगै आफ्नो अधिकार र जिम्मेवारी बुहारीलाई सुम्पन्छिन् र बुहारीले परिवारको हेरचाह गरोस् भन्ने आशा राख्छन्। सासूले आमाजस्तै बनेर बुहारीलाई परिवार कसरी चलाउने भनेर सिकाउने र बुझाउने प्रयास गनुपर्छ तर यसो गर्दा बुहारीले सासूले अख्तियारी गरेको ठान्छन्। सासूको कुरा बेवास्ता गर्छन्। यस्तो अवस्थामा सासू र बुहारीबीच मनमुटाव हुनु स्वाभाविक हो। वर्षौंदेखि परिवारको हेरचाह गरिरहेकी महिलाले छोराको विवाहपछि बुहारीले पनि परिवार र सम्बन्धको हेरचाह गर्नुपर्छ भन्ने अपेक्षा राख्नु स्वाभाविक हो। तर बुहारीको आफ्नै रहनसहन, रुचि र विचार फरक हुन्छ, उनको परिवारलाई सम्हाल्ने तरीका पनि सासूको भन्दा फरक हुन सक्छ। यस्तो अवस्थामा सासू–बुहारीबीच झगडा शुरू हुन्छ।



**कुराकानीः** सासूले बुहारीसँग खुलेर कुरा गर्नुपर्छ। सँगै बसेर कुराकानी गरेर असमझदारी समाधान गर्न सकिन्छ। बुहारीको रिस र जिद्दी स्वभावको कारण के हो बुझ्ने प्रयास गर्नुपर्छ। सासूले सिकाउने र बुझाउने तरीका बुहारीलाई मन नपरेको हुन सक्छ।

**बुहारीको दृष्टिकोण बुझ्नुहोस्ः** बुहारीको आफ्नै विचार हुन्छ। विशेषगरी शिक्षित र जागीरदार बुहारी छ भने सासूसँग वैचारिक मतभेद हुनु सामान्य हो। बुहारी के चाहन्छिन्, परिवार र सम्बन्धप्रति उनको दृष्टिकोण कस्तो छ भन्ने बुझ्ने प्रयास गर्नुपर्छ। उनको विचार र जीवनशैलीलाई पनि सम्मान गर्नुपर्छ।

**बुहारीलाई छोरी बनाउनेः** बिहेपछि बुहारीको प्राथमिकता छोरा र ससुराली हुनुपर्छ। यसका लागि बुहारीलाई छोरीसरह सम्मान दिनुपर्छ। छोरीका लागि फरक नियम–कानून र बुहारीका लागि फरक व्यवहारले सम्बन्धमा दूरी निम्त्याउँछ।

**बुहारीको निर्णयको समर्थनः** बुहारी ससुरालीमा बस्न चाहँदैनन् किनभने ऊ स्वतन्त्रता चाहन्छिन्। पतिपत्नी, छोराछोरी वा घरको निर्णय लिन चाहन्छिन् तर सासू र ससुराको कारण निर्णय लिने अधिकार पाउन गाह्रो हुन्छ। यस्तो अवस्थामा बुहारीलाई परिवारसँग सम्बन्धित निर्णयहरू लिन दिनुपर्छ। उनको निर्णयमा समर्थन दिनुपर्छ।

**बुहारीलाई दबाब दिनुहुँदैनः** बुहारी उठ्ने, सुत्ने वा खाने र पिउने समय र तरीका सासूले बताउँछन्। जसका कारण बुहारीमाथि दबाब पर्छ। उदाहरणका लागि सासूले बुहारीलाई आफूले जस्तै बिहान ५ बजे उठेपछि के गर्ने, के पकाउने, कोसँग कुरा गर्ने, कोसँग दूरी राख्ने भन्ने कुरा सुनाउँछिन्। यसरी बुहारीलाई परिवारमा दबाब महसूस हुन थाल्छ। सासूले बुहारीलाई राम्रो नराम्रो बुझाउनुपर्छ तर दबाब दिनुहुँदैन। बुहारीलाई आफ्नै तरीकाले परिवार व्यवस्थापन गर्न दिनुपर्छ।

### कब्जियत कसरी ठीक बनाउने

कुनै बेला युवालाई रोग लाग्ने सम्भावना निकै कम हुन्थ्यो तर आजको जमानामा युवाहरू सबै रोगको चपेटामा पर्दै गएका छन्। यस्तै एउटा समस्या कब्जियत हो। आजभोलि ठूलो सङ्ख्यामा युवा, मध्यम उमेरका र वृद्धवृद्धा कब्जियतको समस्याबाट ग्रसित छन्। कब्जियतलाई सामान्य समस्या मानिन्छ तर यसले पायल्स र फिस्टुला जस्ता धेरै समस्या निम्त्याउन सक्छ। यस्तो अवस्थामा यसलाई गम्भीरतापूर्वक लिनु जरुरी छ। कब्जियत किन हुन्छ र यसबाट कसरी बच्ने भन्ने कुरा थाहा पाउनुपर्छ।

डा अपूर्व पाण्डे (परामर्शदाता, ग्यास्ट्रोएन्टेरोलोजी विभाग, ग्रेटर नोएडा) भन्छन्– कब्जियतको समस्या वृद्धवृद्धाहरूमा सामान्य छ तर पछिल्ला केही वर्षयता युवामा यो समस्या तीव्ररूपमा बढेको छ। आजको युगमा युवायुवतीहरूको जीवनशैली बिग्रिएको छ र उनीहरूको खानपान पनि अस्वस्थ भएको छ। जसका कारण कब्जियत बढ्दै गएको छ। कोभिडको होम कल्चरले पनि कब्जियतका बिरामीको सङ्ख्या बढाएको छ। यस संस्कृतिमा मानिसहरू लामो समयसम्म एकै ठाउँमा बसेर जङ्क फूड खाने गर्छन्। यसले गर्दा पेटको स्वास्थ्य बिग्रन्छ र पेट सफा हुँदैन।



युवाहरूमा कब्जियत हुनुका धेरै कारण हुन सक्छन्। खानामा फाइबरको कमी, पानी कम पिउने र शारीरिक क्रियाकलाप नगर्दा कब्जियतको समस्या बढ्दै गएको छ। मानसिक तनाव, पेनकिलर, एन्टिडिप्रेसेन्ट र आइरन सप्लिमेन्टको सेवनले पनि कब्जियत हुन सक्छ। मोमो, चाउचाउ, पिज्जा, बर्गर जस्ता जङ्क फूडले बालबालिकामा कब्जियतको समस्या निम्त्याइरहेको छ। यदि कब्जियत लामो समयसम्म रह्यो भने, यसले पायल्स, फिसर, आन्द्रा सुन्निने, आन्द्राको क्यान्सर पनि निम्त्याउन सक्छ। यसबाहेक पेट दुख्ने, दिसापिसाबमा कठिनाइ जस्ता समस्याले मानिसलाई दिनहुँ सताउने गर्छ।

**कब्जियत कसरी पहिचान गर्नेः** यसबारेमा डा अपूर्व पाण्डेले भने– पेट दुख्ने, दिसा गर्न गाह्रो हुने, पेट भारी हुने, दिसामा रगत आउने जस्ता लक्षणहरू कब्जियतका लक्षण हुन सक्छन्। पेट खाली नहुनु र भोक नलाग्नु पनि कब्जियतका लक्षण हुन्। यदि यो समस्या तीन हप्ताभन्दा बढी समयसम्म रहन्छ वा तौल घट्ने र अचानक पेट दुख्ने जस्ता लक्षणहरू देखिएमा चिकित्सकसँग सम्पर्क गर्नुपर्छ। पेट खाली नहुँदा पनि कब्जियको समस्या मानिन्छ। कब्जियत भएमा यसप्रति लापरवाही गर्नुहुँदैन।

**कब्जियतको उपचारः** यसको जवाफमा डा पाण्डे भन्छन्– जीवनशैली र खानपानमा सुधार गर्नुपर्छ। फाइबरयुक्त खानेकुराहरू जस्तै फलफूल, तरकारी र अन्न प्रशस्त मात्रामा खानुपर्छ। दैनिक कम्तीमा २–३ लिटर पानी पिउनुपर्छ र कम्तीमा ३० देखि ६० मिनेटसम्म व्यायाम गर्नुपर्छ। यसले कब्जियत रोक्न पनि मदत गर्छ र कब्जियतबाट पनि राहत दिन्छ। उचित दैनिक दिनचर्या र हरेक दिन एकै समयमा शौच गर्नाले पाचन प्रणालीलाई राम्रो राख्छ। गम्भीर अवस्थामा औषधि र बायोफिडब्याक प्रविधिहरूद्वारा उपचार गरिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## लिबियाको तटबाट ४९९ आप्रवासीको उद्धार



तस्वीरः एजेन्सी

त्रिपोली, २ पुस/सिन्ह्वा

गत हप्ता लिबियाको तटबाट ३४ महिला र छ बालबालिकासहित ४९९ जना आप्रवासीलाई उद्धार गरिएको अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)ले सोमवार जनाएको छ।

आइओएमले आठदेखि १४ डिसेम्बरसम्म ४९९ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको र २९ आप्रवासी बेपत्ता भएको जानकारी दिएको छ।

यो वर्ष हालसम्म २१ हजार ३४३ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको छ, जुन गत वर्षको तुलनामा चार हजार बढी हो। आइओएमले यस वर्ष लिबिया र अन्य देशहरूबाट आएकाहरूसहित मध्य भूमध्य सागर मार्गमा ६३५ जनाको मृत्यु र ९८२ हराएका आप्रवासीहरू रेकर्ड गरेको छ।

सन् २०११ देखि धेरै आप्रवासीले लिबियाबाट भूमध्य सागर पार गर्न युरोपेली किनारहरू छनोट गरेका छन्। रासस

## इजरायलले पहिलो 'वेभ पावर प्लान्ट' शुरू गर्‍यो

जेरुसेलम, २ पुस/सिन्ह्वा

इजरायलले समुद्री छालबाट बिजुली उत्पादन गर्ने आफ्नो पहिलो पावर प्लान्टको उद्घाटन गरेको इजरायलको ऊर्जा र पूर्वाधार मन्त्रालयले आइतवार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ। तेल अविव–याफोको भूमध्यसागरीय शहरको जाफा पोर्टमा अवस्थित उक्त पावर प्लान्टको क्षमता १०० किलोवाट रहेको छ।

यो इजरायली ऊर्जा कम्पनी इको वेभ पावरद्वारा विकसित गरिएको थियो।

यो प्रणालीले ६० सेन्टिमिटर उचाइभन्दा कम छालबाट बिजुली उत्पादन गर्न सक्छ।

स्मार्ट कन्ट्रोल सिस्टमले सुसज्जित यो प्रविधिले आँधीबेहरीमा हुने क्षतिलाई रोक्न पावर प्लान्टलाई समुद्रको सतहभन्दा माथि उठाउँछ।

परियोजनाबाट उत्पादित सबै बिजुली इजरायलको राष्ट्रिय ग्रिडमा आपूर्ति गरिन्छ। राज्यको स्वामित्वमा रहेको इजरायल इलेक्ट्रिक कर्पोरेशनले उत्पादित सबै ऊर्जा खरीद गर्छ।

मन्त्रालयले यो परियोजना नवीकरणीय स्रोतबाट ऊर्जा उत्पादन बढाउने, वायु प्रदूषण घटाउने र इजरायलको ऊर्जा सुरक्षा बढाउने पाइला भएको बताएको छ। रासस

## श्रीलङ्कामा नयाँ सभामुख चयन

कोलम्बो, २ पुस/सिन्ह्वा

श्रीलङ्काको संसद्ले मङ्गलवार सत्तारूढ राष्ट्रिय जनशक्ति (एनपिपी)का सांसद जगथ विक्रमरत्नेलाई सर्वसम्मत नयाँ सभामुख नियुक्त गरेको छ।

विक्रमरत्नेलाई प्रधानमन्त्री हरिणी अमरसूर्याले मनोनयन गरेका हुन्। साथै उनको प्रस्तावलाई संसदीय दलका नेता विमल रत्ननायकले समर्थन गरेका थिए।

उपसभामुख रिजवी सालिहले सदनमा विक्रमरत्नेलाई नयाँ सभामुखमा सर्वसम्मतिले नियुक्त गरेको घोषणा गरे।

शैक्षिक योग्यतालाई लिएर विवाद भएपछि गत नोभेम्बर १३ मा पूर्वअध्यक्ष अशोक सपुमल रानवालाले राजीनामा दिएका थिए।

यस अघि विपक्षी दलले सभामुखलाई जापानी विश्वविद्यालयबाट पिएचडी गरेको विषयमा झूट बोलेको आरोप लगाएका थिए। रासस

## तामाकोशी सञ्चालनमा नआएसम्म औद्योगिक क्षेत्रमा विद्युत् कटौती

काठमाडौं, २ पुस/रासस

गत असोज दोस्रो साता आएको बाढीपहिरोका कारण क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत् आयोजना पुनर्सञ्चालनमा नआउँदासम्म औद्योगिक ग्राहकका लागि साँझको समयमा विद्युत् कटौती हुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

राष्ट्रिय प्रसारण लाइनमा जोडिएका जलविद्युत् आयोजनामध्ये सबैभन्दा ठूलो ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीको उत्पादन बन्द हुँदा हिउँदयाममा विद्युत् व्यवस्थापन गर्न कठिनाइ भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। माग व्यवस्थामा समस्या हुँदा विद्युत् बढी खपत हुने साँझको समय (पिक आवर)मा औद्योगिक ग्राहकका लागि विद्युत् आपूर्ति कटौती गर्नुपरेको उनको भनाइ छ।

माथिल्लो तामाकोशीबाट उत्पादन शुरू नभएसम्म बढी विद्युत् माग हुने औद्योगिक क्षेत्रको विद्युत् केही कटौती भएपनि अन्य ग्राहकका लागि विद्युत् आपूर्ति हुने प्राधिकरणले जनाएको छ। हिउँदयाममा खोला तथा नदीमा पानी घट्दा नदी प्रवाही (रन अफ रिभर–आरओआर) जलविद्युत् आयोजनाको उत्पादन क्षमताभन्दा एक तिहाइ घट्ने तर पिक आवरमा आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपरेको प्राधिकरणले जनाएको छ।

माथिल्लो तामाकोशी यही पुस १० गतेभित्र विद्युत् उत्पादन शुरू गर्नेगरी मर्मत भइरहेको छ। प्राधिकरणका अनुसार हिउँदयामको विद्युत् माग व्यवस्थापन गर्न भारतको केन्द्रीय विद्युत् प्राधिकरणले आगामी चैत २ गते (१५ मार्च २०२५)सम्म ढल्केबर–मुजफ्फपुर चार सय केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत छ सय मेगावाट र टनकपुर–महेन्द्रनगर १३२ केभी प्रसारण लाइनबाट ५४ मेगावाट गरी दैनिक ६५४ मेगावाटसम्म विद्युत् आयात गर्न अनुमति दिएको छ। तर पिक आवर साँझ ५ देखि रातिको ९ बजेसम्म भने विद्युत् आयात गर्न नपाउने व्यवस्था छ।

चैत ३ गते २०८१ देखि असार १६ गते २०८२ (१६ मार्च–३० जुन २०२५) सम्म सोलार आवर अर्थात् बिहान ६ देखि साँझ ६ बजेसम्म मात्र आयात गर्न पाउने स्वीकृति दिएको छ। कार्यकारी निर्देशक घिसिङले माथिल्लो तामाकोशी बन्द रहेको र पिक आवरका चार घण्टा भारतबाट विद्युत् आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् कटौती गर्नुपर्ने बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**प्लास्टिकजन्य ...**



वायु प्रदूषणका मुख्य कारक उद्योग, कलकारखाना र सवारीसाधन, वन डढेलो हो। त्यसैगरी, खुलारूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउँदा, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धूलोले पनि वायुलाई प्रदूषित गर्छ।

वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेषगरी बालबालिका, वृद्धवृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवतीहरूलाई बढी प्रभाव पार्ने भएकाले विशेष सावधानी अपनाउन विभागले अनुरोध गरेको छ।

प्रतीक बचत तथा ऋण सहकारी संस्था लि., वीरगंज

## कर्जा चुक्ता/नियमित गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा यस प्रतीक बचत तथा ऋण सहकारी संस्था लि., वीरगंज-१२, हालः ९ बाट विभिन्न सदस्यहरूले तपसिलमा उल्लेख भए बमोजिम कर्जा सुविधा उपभोग गरी हालसम्म साँवा, ब्याजलगायतका रकम बाँकी राखी भुक्तान नगर्नुभएको, पटक-पटक घरदैलो, पसल कबलमा जाँदा आलटाल गर्नुभएको, फोन सम्पर्क गर्दा आज दिन्छु भोलि दिन्छु भनी कर्जा चुक्ता गर्ने कुनै मनसाय नराखेकाले प्रथमपटक ३५ (पैंतीस) दिने सार्वजनिक सूचना जारी गरिएको छ। उक्त समयावधिभित्र आई आफ्नो कर्जा रकम नियमित अथवा चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। अन्यथा सहकारी ऐन बमोजिम थप प्रक्रियाहरू गरिनेछ।

| क्रसं | ऋणीको विवरण | ठेगाना | सम्पर्क नं. | ऋण रकम | ऋणीको फोटो/ ऋण लिएको मिति |
|---|---|---|---|---|---|
| १ | **ऋणीको नामः विजयकुमार कर्ण कायस्थ**<br>ऋणीको बुबाको नामः रामपतिलाल कर्ण<br>ऋणीको बाजेको नामः बृजबिहारीलाल कर्ण | साबिकः गाविस उदयपुरघुर्मी वडा नं १<br>हालः वीरगंज मनपा-२७ | ९८४१८३८८५६ | १०,००,०००/-<br>(दश लाख) | २०८०/०५/११<br> |
| २ | **ऋणीको नामः सुनील राम**<br>ऋणीको बुबाको नामः गुदर महरा<br>ऋणीको बाजेको नामः नन्दुराम चमार | साबिकः परवानीपुर वडा नं. ३<br>हालः परवानीपुर गापा वडा नं ३ | ९८४९०९०००३ | १,००,०००/-<br>(एक लाख) | २०७८/०३/०३<br> |
| ३ | **ऋणीको नामः दीपेन्द्रकुमार श्रेष्ठ**<br>ऋणीको बुबाको नामः कृष्णबहादुर श्रेष्ठ<br>ऋणीको बाजेको नामः कुबेरमान श्रेष्ठ | हालः जीतपुरसिमरा उपमनपा वडा नं १, थपलैया | ९८०२९२२११६ | १,००,०००/-<br>(एक लाख) | २०७८/०३/०३<br> |
| ४ | **ऋणीको नामः धीरेन्द्रप्रसाद जयसवाल**<br>ऋणीको बुबाको नामः जयमङ्गलप्रसाद जयसवाल<br>ऋणीको बाजेको नामः रामखेलावन साह | साबिकः गाविस भवानीपुर वडा नं ७<br>हालः वीरगंज वडा नं १० | ९८११८८६१६१ | १०,००,०००/-<br>(दश लाख) | २०७७/०३/१७<br> |
| ५ | **ऋणीको नामः सुनीता कुमारी**<br>ऋणीको बुबाको नामः मनीलाल धोबी<br>ऋणीको बाजेको नामः जीतबहादुर धोबी | साबिकः वीरगंज वडा नं १४<br>हालः वीरगंज वडा नं ११ | ९८१६९८३७९९ | ६,००,०००/-<br>(छ लाख) | २०७८/१०/२८<br> |
| ६ | **ऋणीको नामः सुरेन्द्रमान श्रेष्ठ**<br>ऋणीको बुबाको नामः पूर्णमान श्रेष्ठ<br>ऋणीको बाजेको नामः जोकमान श्रेष्ठ | साबिकः वीरगंज वडा नं १३<br>हालः वीरगंज वडा नं १०, आशिष कैरियर्स | ९८५५०२२५४४<br>९८६१६०७४०४ | ७,१७,०००/-<br>(सात लाख सत्र हजार) | २०७८/१०/१७<br> |
| ७ | **ऋणीको नामः शेख समिम अख्तर**<br>ऋणीको बुबाको नामः शेख अलीम<br>ऋणीको बाजेको नामः शेख इसहाक | साबिकः वीगंज वडा नं १३<br>हालः वीरगंज वडा नं १० | ९८४५०२०२३५ | १०,१५,०००/-<br>(दश लाख पन्ध्र हजार) | २०७५।०१।२६<br> |
| ८ | **ऋणीको नामः शिवपूजन मुखिया बिन**<br>ऋणीको बुबाको नामः गङ्गा राउत<br>ऋणीको बाजेको नामः शिववरन राउत बिन | हालः पोखरिया वडा नं ८, पर्सा | ९७४२८८५७७३<br>९८१५२२४२०९ | ६,००,०००/-<br>(छ लाख) | २०८०।०१।०३<br> |
| ९ | **ऋणीको नामः गुड्डी कुमारी**<br>ऋणीको बुबाको नामः श्यामसुन्दर चौधरी<br>ऋणीको बाजेको नामः हनुमानप्रसाद साह | साबिकः जिल्ला रौतहट<br>हालः वीरगंज वडा नं १० | ९८४५०३७२३० | २,५०,०००/-<br>(दुई लाख पचास हजार) | २०७८।०९।०८<br> |
| १० | **ऋणीको नामः श्रीलालप्रसाद कुशवाहा**<br>ऋणीको बुबाको नामः किसान महतो<br>ऋणीको बाजेको नामः कृष्णा महतो | गाविस गम्हरिया वडा नं ६, पर्सा | ९८५५०३५२०३<br>९८०७२६२२३१२ | १,५०,०००/-<br>(एक लाख पचास हजार) | २०७५।०१।२७<br> |
| ११ | **ऋणीको नामः अरमेन्द्र कुमार**<br>ऋणीको बुबाको नामः प्रेम राउत कुर्मी<br>ऋणीको बाजेको नामः रघुवीर राउत कुर्मी | हालः वीरगंज वडा नं १७ | ९८५५०२६४८२<br>९८१११९८८५३ | १,५०,०००/-<br>(एक लाख ५० हजार) | २०७६।०२।३०<br> |
| १२ | **ऋणीको नामः सचिनकुमार श्रेष्ठ**<br>ऋणीको बुबाको नामः ताराभक्त श्रेष्ठ<br>ऋणीको बाजेको नामः लक्ष्मीभक्त श्रेष्ठ | हालः वीरगंज वडा नं ४ | ९८५५०३५१९६ | ५०,०००/-<br>(पचास हजार) | २०७४।०८।२४<br> |
| १३ | **ऋणीको नामः हनिफ मियाँ जोलाहा**<br>ऋणीको बुबाको नामः खलिल मियाँ जोलाहा<br>ऋणीको बाजेको नामः रसुल मियाँ जोलाहा | साबिकः गाविस झौवागुठी वडा नं ३<br>हालः वीरगंज-१३ | ९८५५०७३६८६<br>९८०९१२४३८३ | २,५०,०००/-<br>(दुई लाख पचास हजार) | २०७६।०३।१८<br> |
| १४ | **ऋणीको नामः उमेशप्रसाद कुर्मी**<br>ऋणीको बुबाको नामः झिंगनप्रसाद कुर्मी<br>ऋणीको बाजेको नामः गोवर्धनप्रसाद कुर्मी | साबिकः श्रीसिया खल्वाटोला ३<br>हालः वीरगंज वडा नं १७ | ९८०७१६२२०३ | १,००,०००/-<br>(एक लाख) | २०७५।०४।१७<br> |
| १५ | **ऋणीको नामः अञ्जनीकुमार कलवार**<br>ऋणीको बुबाको नामः लक्ष्मीनारायण कलवार<br>ऋणीको बाजेको नामः हीरालाल साह कलवार | साबिकः वीरगंज १३<br>हालः वीरगंज वडा नं १० रानीघाट | ९८५५०२३९०७ | १०,००,०००/-<br>(दश लाख) | २०७३।१२।३०<br> |





चीसोको समयमा राजमार्गमा हुने गरेको दुर्घटना न्यूनीकरणका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले सवारीसाधन चेकजाँचमा तीव्रता दिएको छ। ट्राफिक नियम, सडक सुरक्षा, दुर्घटना रोकथाम तथा न्यूनीकरणका सम्बन्धमा जानकारी गराउन विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रम गर्दै ट्राफिक प्रहरी। तस्वीरः नितेश कर्ण/प्रतीक

# लायन्सद्वारा घडीअर्वा पोखरीमा बेन्च

प्रस, वीरगंज, २ पुस/

लायन्स क्लब अफ वीरगंज मिलेनियम एमजेएफले मङ्गलवार वीरगंज-१० स्थित घडीअर्वा पोखरी परिसरमा पाँच थान बेन्च सहयोग गरेको छ। कार्यक्रममा वडाध्यक्ष सुशील साह कानूले घडीअर्वा पोखरीलाई अझ सुन्दर, हरियालीयुक्त र आकर्षक बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले सहयोग र सहकार्यबाट वडा र समुदायको समग्र विकासमा उल्लेखनीय टेवा पुग्ने बताए। उनले बेन्च सहयोग गर्ने सुरेशकुमार गाडियालाई धन्यवाद दिए।

कार्यक्रममा उद्योगपति बिरु संघाई, सज्जन अग्रवाल, डिएन अग्रवाललगायतको सहभागिता थियो।

तस्वीरः सौजन्य



## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजीकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अनुमति

कास्की, २ पुस/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न कास्की जिल्ला अदालतले अनुमति दिएको छ। जिल्ला अदालतका न्यायाधीश हिमलाल बेलवासेको इजलासले लामिछानेलाई हिरासतमा राख्न आठौंपटक म्याद थप गरेको हो।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारीको रकम अपचलन गरेको अभियोगमा गोरखा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशकसमेत रहेका लामिछाने गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए।

सभापति लामिछाने, सूर्यदर्शन सहकारीका संस्थापक गितेन्द्रबाबू राई (जिबी)सहित ६५ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहित प्रहरीले प्रतिवेदन बुझाएको हो। प्रहरीले अनुसन्धान सकेर प्रतिवेदन बुझाए पनि जिल्ला सरकारी वकीलको कार्यालयले हालसम्म अदालतमा मुद्दा दर्ता गरेको छैन।

### भ्रष्टाचारीलाई ...

लागि भ्रष्टाचार गर्ने बाध्यता हुन सक्ने हुँदा आवधिक किसिमले तलब बढाउँदै जान उनले जोड दिएका थिए।

तलब वृद्धि गर्दा पनि कसैले भ्रष्टाचार गर्छ भने कडा सजायको व्यवस्था गर्ने, सूचनाको हक नागरिकसम्म विस्तार गर्ने परम्परा बसाल्न सके भ्रष्टाचार स्वतः कम हुने उनको दाबी थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले बेनामी उजूरी परेन भने भ्रष्टाचार बढ्ने दाबी गरेका थिए।

कार्यक्रममा मधेस प्रदेशका मन्त्रीहरू भौतिक पूर्वाधार विकास-सरोजकुमार यादव, शिक्षा तथा संस्कृति-रानीकुमारी तिवारी, गृह, सञ्चार तथा कानून-राजकुमार लेखी, स्वास्थ्य तथा जनसङ्ख्या-शत्रुघ्नप्रसाद सिंह, अर्थ-सुनीलकुमार यादव, ऊर्जा, सिंचाइ तथा खानेपानी-शेषनारायण यादव, उद्योग, वाणिज्य तथा पर्यटन-शकील अलि मियाँ र श्रम तथा यातायात-कौशलकिशोर रायको उपस्थितिका साथै प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, जिल्ला समन्वय समितिका प्रमुख, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, स्थानीय तहका प्रमुख र उपप्रमुखहरूलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## महिला यू-१९ एशिया कप : नेपाल 'सुपर फोर'मा

काठमाडौं, २ पुस/रासस

मलेशियामा जारी महिला यू-१९ एशिया कपमा नेपाल र भारतबीचको मङ्गलवारको खेल वर्षाका कारण रद्द भएको छ। खेल रद्द भएसँगै दुवै देशले एक/एक अङ्क बाँडेका छन्।

दुवैको तीन/तीन अङ्क भएपनि रनरेटका आधारमा भारत समूह 'ए'को विजेता तथा नेपाल उपविजेता बनेको छ। दुवै देश 'सुपर फोर'मा प्रवेश गरेका छन्। यही समूहमा रहेको पाकिस्तान दुवै खेलमा पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएको छ। 'सुपर फोर'मा नेपालले अब बिहीवार श्रीलङ्कासँग तथा शुक्रवार बङ्गलादेशसित खेल्नेछ।

तस्वीरः सौजन्य



मलेशियाको क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९४ रन बनायो। जीतका लागि ९५ रनको लक्ष्य पछ्याउने क्रममा भारतले तीन दशमलव एक ओभरमा विकेट नगुमाइ २८ रन बनाउँदा वर्षाका कारण खेल रद्द भएको थियो।

यस अघि नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक २५ रन बनाइन्। उनले ४० बल खेल्ने क्रममा तीन चौका प्रहार गरिन्। यस्तै, एलिशाकुमारी यादवले अविजित २० रन बनाइन्। साना परवीनले नौ, सोनी पाख्रिनले आठ, ज्योत्स्निका मरासिनीले छ, सावित्री धामी र रचनाकुमारी चौधरीले तीन/तीन तथा अनु कडायत र कुसुम गोदारले एक/एक रनको योगदान दिए।

बलिङतर्फ भारतकी पारुनिका सिसोदियाले सर्वाधिक चार विकेट लिइन्। यस्तै, आनन्दिता किशोर र मिथिला विनोदले समान एक/एक विकेट लिए। यस अघि नेपालले पहिलो खेलमा सोमवार पाकिस्तानलाई छ विकेटले पराजित गरेको थियो।

## बाल फूटबलको उपाधि सेढवालाई

प्रस, पोखरिया, २ पुस/

नेराप्रावि, जीराभवानीको वार्षिकोत्सवमा भएको प्राविस्तरीय बाल फूटबल प्रतियोगिताको उपाधि नेराप्रावि, सेढवाले जितेको छ।

मङ्गलवार भएको फाइनल खेलमा आयोजक नेराप्रावि, जीराभवानीलाई एकका विरुद्ध दुई गोल गरी नेराप्रावि, सेढवाले उपाधि जितेको हो।



विजयी टीमलाई जीराभवानी गापा शिक्षा शाखा प्रमुख शिवराज फुयाँलले शिल्ड प्रदान गरेका थिए। उनले बाल्यावस्थादेखि नै खेलकूदमा सहभागिता गराएर दक्ष खेलाडी तयार पार्ने उद्देश्यले पालिकाले प्रतियोगिता आयोजना गरेको बताए। उनले जीत र हारभन्दा पनि खेलप्रति सानो उमेरदेखि सिकाइ गर्दा भविष्यमा राम्रो खेलाडी तयार हुने बताए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण भैया, प्रअहरू खेमराज महतो, यानबहादुर श्रेष्ठ, हृदयमोहन सिंह क्षत्रीलगायतको सहभागिता थियो। प्रतियोगितामा पालिकाका चारवटा प्रावि सहभागी थिए।

## एनपिएल विजेता टोलीले एक करोड १० लाख पुरस्कार पाउने

काठमाडौं, २ पुस/रासस

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको उपाधि विजेता टोलीले रु एक करोड १० लाख पुरस्कार प्राप्त गर्ने भएको छ।




यही पुस ६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा दोस्रो स्थान हासिल गर्ने टोलीले रु ५१ लाख प्राप्त गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान)का प्रवक्ता छुम्बी लामाले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रु २५ लाख प्राप्त गर्दा चौथो स्थान हासिल गर्ने टोलीले रु १५ लाख पुरस्कार प्राप्त गर्नेछन्।

त्यस्तै, प्रतियोगितामा उत्कृष्ट घोषित हुने एक खेलाडीलाई एक थान कार प्रदान गर्ने क्यानले यस अघि नै घोषणा गरिसकेको छ।

क्यानको आयोजनामा मङ्सिर १५ गतेदेखि सञ्चालन भएको यस प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन्। जसमा काठमाडौं गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किङ्ग्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन्।

सहभागी टोलीमा चार टोली प्लेअफमा पुगेका छन् भने बाँकी चार टोली प्रतियोगिताबाट बाहिरिसकेका छन्।